# जिल्ला समन्वय समितिको कार्यालय
# बर्दिया

## जिल्ला समन्वय समितिको कार्यालय बर्दियाको लक्ष्मणा तालमा माछा पाली मार्ने ठेक्का सम्बन्धी प्रथम पटक प्रकाशित मिति २०८१।१२।११

## सुचना! सुचना!! सुचना!!!

जिल्ला समन्वय समिति बोर्डको मिति २०८१।१२।०३ गतेको १३२औ बैठकबाट यस जिल्ला समन्वय समिति बर्दिया अन्तरगत पर्ने बाँसगढी नगरपालिका अन्तरगत लक्ष्मणा तालमा माछा पाली मार्ने ठेक्का ३ (तीन ) वर्षको लागि (२०८२ बैशाख देखि २०८४ चैत्र मसान्तसम्म )यस कार्यालयबाट ठेक्का बन्दोबस्त गर्ने निर्णय भएकोले ठेक्का लिन इच्छुक ब्यक्ति वा संस्थाबाट निम्नानुसारका शर्तहरु पालना गर्ने गरी १५ दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१.लक्ष्मणा तालमा माछा पाली मार्ने ठेक्काको न्यूनतम अंक वार्षिक रु ३८००००/- तिन लाख असी हजार मात्र प्रति वर्षले ३ वर्षको हुने रकम रु ११४००००/- मात्र कायम गरिएको छ ।

२.सिलबन्दी दरभाउपत्र फारामको रकम यस कार्यालयको नाममा राजस्व खाता नं.१०००१००२०००१००००, कार्यालय कोड ३६५००५८०१ राजस्व शीर्षक १४२२९ मा रु १०००/- जम्मा बैंक भौचर पेश गरी यस कार्यालयबाट मिति २०८१।१२।११ गते प्रकाशित सुचना अनुसार १५ दिन भित्र बोलपत्र फाराम खरिद गरि सक्नु पर्नेछ ।

३.सिलबन्दी दरभाउपत्र साथ कबोल गरेको अंकको ५% ले हुने धरौटी रकम रा.बा. बैंक गुलरीयामा रहेको श्री कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल धरौटी खाता नं.४१४०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै भौचर वा नगद संलग्न हुनुपर्नेछ ।

४.सिलबन्दी दरभाउपत्र फाराम मिति २०८१।१२।२५ गते दिउँसो १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । म्याद भित्र दर्ता हुन नआएका सिलबन्दी दरभाउपत्र मान्य हुने छैन । सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे खोलिने छ । सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सम्म म्याद मानिने छ ।

५. सिलबन्दी दरभाउपत्र विभिन्न कार्यालयका प्रतिनिधि ठेकेदार वा ठेकेदारको प्रतिनिधिको रोहबरमा खोलिने छ । ठेकेदार वा ठेकेदारको प्रतिनिधि उक्त समयमा उपस्थिती नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. कुनै शर्त राखी पेश गरेको दरभाउपत्र फाराम मान्य हुनेछैन । हुलाक, टेलिफोन, फ्याक्सबाट कबोल गरेको अंक मान्य हुने छैन ।

७. नेपाल सरकारबाट लिइने आयकर एवं अन्य प्रचलित कानुनले ब्यवस्था गरेको करहरु स्वयं ठेकेदारले ब्यहोर्नुपर्नेछ।

८. ठेकेदारले कबोल गरेको अकको रकमको एक आर्थिक वर्षको पर्न आउने रकम सम्झौतापत्र / कार्यदेश लिँदा यस कार्यालयको राजस्व खातामा दाखिला गर्नुपर्ने छ । बाँकी अवधिको किस्ताको हकमा मान्यता प्राप्त बैंकको बैंक जमानीपत्र वा नगद धरौटी पेश गर्नुपर्ने छ । साथै प्रत्येक वर्षको किस्ता रकम पौष मसान्त सम्म बुझाइ सक्नुपर्नेछ ।

९.ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार जिल्ला समन्वय समितिको कार्यालय बर्दियामा सुरक्षित रहने छ ।अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन बमोजिम हुनेछ।

१०.अन्य थप जानकारीको लागि कार्यालयको Website dccbardiya.gov.np मा हेर्नुहोला।

..............................

निमित्त जिल्ला समन्वय अधिकारी